आज मिति २०७९ साल भदौ २२ गते बुधबार बिहान ११:०० बजे गाउँपालिकाको सभाहलमा गाउँपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिका बैठकमा देहाय बमोजिमको उपस्थितिमा तपसिलका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो ।

**–उपस्थिति–**

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी 'अशोक' | उपाध्यक्ष | |
| ३. | श्री गोबिन्द बहादुर राउत | कार्यपालिका सदस्य | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | कार्यपालिका सदस्य | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | कार्यपालिका सदस्य | |
| ६. | श्री खड्ग बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| ७. | श्री भुपाल सिंह तामाङ | कार्यपालिका सदस्य | |
| ८. | श्री वीर बहादुर पुलामी | कार्यपालिका सदस्य | |
| ९. | श्री युवराज पहाडी | कार्यपालिका सदस्य | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | कार्यपालिका सदस्य | |
| ११. | श्री मोहन बहादुर गौतम | कार्यपालिका सदस्य | |
| १२. | श्री पुण्यहरिभुजेल | कार्यपालिका सदस्य | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | कार्यपालिका सदस्य | |
| १४. | श्री तारामाया श्रेष्ठ | कार्यपालिका सदस्य | तारा |
| १५. | श्री गंगामाया तामाङ | कार्यपालिका सदस्य | गंगा |
| १६. | श्री सिम कुमारी आले | कार्यपालिका सदस्य | सिम |
| १७. | श्री युवमाया मस्राङ्गी | कार्यपालिका सदस्य | युवमाया |
| १८. | श्री कमल बहादुर दमै | कार्यपालिका सदस्य | कमल |
| १९. | श्री लोक बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २०. | श्री राम कुमार कार्की | सचिव | |

सहजकर्ता:- श्री जीतेन्द्र गिरी, अधिकृत सातौं
श्री अम्बिका आचार्य, सहायक पाँचौं Ambika
श्री चन्द्रिका थापा, डी.सी.
श्री तारानाथ अधिकारी, डी.सी.
श्री पदम बहादुर तामाङ, डी.सी.

Scanned with CamScanner

मिति २०७९ भदौ २२ गते बुधबारको गाउँ कार्यपालिका बैठकको निर्णयहरु:

| निर्णय नं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा । | यस गाउँपालिकाको यस अघिको गाउँ कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा गरियो । |
| २ | बाटो मर्मत सम्भार तथा सरसफाई सम्वन्धमा । | हिन्दुहरुको महान् चाड वडादशैं तथा तिहार नजिकिदै गरेको, वर्षायामको अविरल वर्षातका कारण प्रत्येक वडा जोड्ने मुख्य तथा शाखा सडकहरु विग्रिएको हुँदा मर्मत तथा सफा गर्नुपर्ने भएकोले गाउँपालिकाको मर्मत सम्भार कोषबाट भुक्तानी हुने गरी उपभोक्ता समिति वा कोटेशन विधि मार्फत काम अघि बढाउने । |
| ३ | शिक्षा समितिको निर्णय अनुमोदन गर्ने सम्वन्धमा । | गाउँ शिक्षा समितिको मिति २०७९/०५/२१ गते मंगलवार बसेको बैठकका निर्णयहरु अनुमोदन गर्ने । |
| ४ | जनशक्ति माग गर्ने सम्वन्धमा । | यस गाउँपालिकामा भूमिहीन सुकुम्बासी, भुमिहीन दलित तथा अव्यवस्थित बसोवासीहरुको लगत संकलन सम्पन्न भई डाटा इन्ट्रिको काम समेत सुरुवात गर्ने चरणमा भएकोले आगाम्मी आवश्यक कार्यहरु अघि बढाउन आवश्यक जनशक्ति भूमि सम्बन्धी जिल्ला समन्वय समितिमा माग गर्ने । साथै, डाटा ईन्ट्रि गर्न आवश्यक जनशक्ति सेवा करारमा लिने । |
| ५ | 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने सम्वन्धमा । | यस गाउँपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि, २०७५ को दफा २ बमोजिम चुलेन्द्र कन्स्ट्रक्सन एण्ड सप्लायर्स, (तीनपाटन-६) लाई 'घ' वर्गको निर्माण व्यवसायीको काम गर्न इजाजतपत्र प्रदान गर्ने । |
| ६ | जग्गा वर्गीकरण सम्वन्धमा । | सङ्घीय सरकारको भूउपयोग नियमावली, २०७९ को नियम ५ बमोजिम यस गाउँपालिकाको सम्पूर्ण वडाका जग्गाहरु कृषि तथा गैरकृषिमा अनिवार्य वर्गीकरण गर्नुपर्ने भएकोले आवश्यकता अनुसार छोटो अवधिको लागि सर्वेक्षक तथा अमिन सेवा करारमा लिने । |



Scanned with CamScanner

मिति २०७९ भदौ २२ गते बुधबारको गाउँ कार्यपालिका बैठकको निर्णयहरु:

| निर्णय नं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| ७ | कार्यविधि पारित गर्ने सम्वन्धमा । | यस गाउँपालिकाको तपसिल बमोजिम कार्यविधिहरु पारित गरी राजपत्रमा प्रकाशन गर्ने:<br>तपसिल<br>१. खेलकुद विकास समिति (गठन एवम् सञ्चालन) सम्बन्धी कार्यविधि, २०७९<br>२. मेलमिलाप इकाई (गठन एवम् सञ्चालन) सम्बन्धी कार्यविधि, २०७९<br>३. सामुदायिक सिकाई केन्द्र (सञ्चालन एवम् व्यवस्थापन) सम्वन्धी कार्यविधि, २०७९<br>४. फार्मेसी (सञ्चालन एवम् व्यवस्थापन) कार्यविधि, २०७९ |
| ८ | गाउँ कार्यपालिकाको नियमित बैठक सम्वन्धमा । | यस गाउँपालिकाको गाउँ कार्यपालिकाको नियमित बैठक प्रत्येक महिनाको १० गते र २५ गते नियमित रुपमा बस्ने । |
| ९ | विविध सम्वन्धमा | बुद्धराम श्रेष्ठ स्मृति प्रतिष्ठानलाई सालिक निमाण गर्न यस गाउँपालिकाको आर्थिक सहायता शिर्षकबाट गाउँपालिका तथा सम्पूर्ण वडाहरुको तर्फबाट पेश गरेको बिल भरपाइ बमोजिम बढीमा रु.१,००,०००- (एक लाख) सहायता प्रदान गर्ने । |



Scanned with CamScanner